# नेपाल सरकार,
# सूचना तथा सञ्चार मन्त्रालय,
# हुलाक सेवा विभाग
# र
# नेपाल खुला विश्वविद्यालय
# बीच शैक्षिक प्रमाणपत्र लगायतका हुलाक बस्तु ढुवानी तथा वितरण गर्ने सम्बन्धी सम्झौता पत्र

हुलाक सेवा विभाग, बबरमहल, काठमाण्डौ (यसपछि प्रथम पक्ष भनिएको) र नेपाल खुला विश्वविद्यालय, मानभवन, ललितपुर (यसपछि दोस्रो पक्ष भनिएको) बीच दोस्रो पक्षबाट उपलब्ध गराइएको शैक्षिक प्रमाणपत्र र विश्वविद्यालयका चिठ्ठीपत्र लगायतका सामग्रीहरू तोकिएको स्थानसम्म ढुवानी र वितरण गर्न देहायका शर्तहरुको पालना गर्ने गरी दुबै पक्षको सहमतिमा सम्झौता गरियो।

## <u>सम्झौताका शर्तहरू</u>

१. प्रथम पक्षले दोस्रो पक्षलाई हुलाक सेवा मार्फत् प्रचलित कानून बमोजिम शैक्षिक प्रमाण पत्र, कागजात, श्रेस्ता तथा कार्यालयका चिठ्ठी पत्र लगायतका सामग्रीहरूको ढुवानी सेवा प्रदान गर्नेछ।

२. दोस्रो पक्षले कार्यालय परिसरबाट उपलब्ध गराएको हुलाक बस्तुलाई प्रथम पक्षले सम्बन्धित बिद्यार्थीको फोन नं. सहितको पूर्ण ठेगानामा वा सम्बन्धित कार्यालयमा ढुवानी गर्नेछ ।

३. हुलाक बस्तुहरु तोकिएको कार्यालयमा वा सम्बन्धित विद्यार्थीलाई प्रथम पक्षले बुझाउनु पर्नेछ र सोको भरपाई दोस्रो पक्षलाई उपलब्ध गराउने दायित्व प्रथम पक्षको हुनेछ।

४. दोस्रो पक्षले हुलाक वस्तु बुझाई सके पश्चात सुरक्षा र संरक्षण गर्ने दायित्त्व प्रथम पक्षको हुनेछ।

५. प्रथम पक्षले हुलाक वस्तु दोस्रो पक्षको दर्ता शाखाबाट (सार्वजनिक विदाको दिन बाहेक) दैनिक रुपमा वा दोश्रो पक्षले उपलव्ध गराउने तोकिएको दिनमा संकलन गर्नुपर्नेछ र ठूलो परिमाणका सामान संकलन गर्दा प्रथम पक्षलाई दोस्रो पक्षले लोड/अनलोड गर्न सहयोग गर्नुपर्नेछ।

६. दोस्रो पक्षले हुलाक मार्फत् तोकिएको स्थानमा पठाइएको हुलाक वस्तु बुझ्ने विद्यार्थी वा कर्मचारी, समय र स्थानको विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ। साथै सम्बन्धित व्यक्ति नभेटिएमा कागजात बुझाउने बैकल्पिक व्यक्तिको नाम, फोन नं. र मञ्जुरी भएको हुनुपर्नेछ।

७. प्रथम पक्षले यस प्रक्रियामा हुलाक वस्तुलाई ट्रयाकिङ बारकोड सहित Postal Internal Tracking System (PITS) मा दर्ता गरी सम्बन्धित गन्तव्य ठेगानासम्म पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ। साथै दोस्रो पक्षले ट्रयाक गर्न सक्ने गरी PITS Sharing को व्यवस्था प्रथम पक्षले मिलाउनु पर्नेछ।

८. दोस्रो पक्षबाट प्राप्त हुलाक वस्तु ढुवानी गरिने नेपाल सरहद भित्रका स्थान एवम् विदेशका तोकिएका गन्तव्यका लागि दोस्रो पक्षको आवश्यकता अनुसार रजिष्ट्री/ पुलिन्दा(Parcel)/इ.एम.एस. (Express Mail Service, EMS) का रुपमा प्रथम पक्षले दर्ता गर्नेछ।

९. प्रथम पक्षले रजिष्ट्री पुलिन्दा(Parcel)/इ.एम.एस. (Express Mail Service, EMS) का रुपमा दर्ता गरेका हुलाक वस्तु सम्बन्धित गन्तव्यमा यथासम्भव छिटो पुऱ्याउनु पर्नेछ। काबु बाहिरको परिस्थितिमा हुलाक वस्तु तोकिएको गन्तव्यमा पुऱ्याउन नसकिएको अवस्थामा तत्कालै दोस्रो पक्षलाई जानकारी गराउनु पर्नेछ।

१०. प्रथम पक्षले हुलाक वस्तु तोकिएको स्थानमा ढुवानी गरे वापत रजिष्ट्रि पुलिन्दा (Parcel)/ई.एम.एस. ढुवानी सरहको प्रचलित नियमानुसारको हुलाक महसुल दोस्रो पक्षले गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार, काठमाडौंलाई मासिक/त्रैमासिक रुपमा भुक्तानी गर्नेछ। प्रथम पक्षले नियमानुसारको हुलाक महशुलको विल समयमै दोश्रो पक्षलाई उपलव्ध गराउनु पर्नेछ।

११. प्रथम पक्षले हुलाकवस्तु ढुवानी गर्न आवश्यकता अनुसार स्थल वा हवाई मार्ग प्रयोग गर्न सक्नेछ। हवाई मार्गको प्रयोग गरिएको अवस्थामा सोही बमोजिमको नियमानुसारको महसुल र शुल्क दोस्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

१२. दोश्रो पक्षले ठूलो परिमाणमा हुलाकबस्तु सिधै गन्तव्यमा पठाउनुपरेमा कम्तिमा ७(सात) दिन अगावै जानकारी गराई आपसी समन्वयमा हुलाकबस्तुहरू ढुवानी गर्ने व्यवस्था प्रथम पक्षले मिलाउनेछ।

१३. पठाउनु पर्ने गन्तव्यका हुलाकबस्तुलाई प्रापकको ठेगाना अनुसार अलग-अलग र सुरक्षित रुपमा प्याकिङ गर्ने दायित्व दोस्रो पक्षको हुनेछ।

१४. प्रथम पक्षले हुलाकबस्तु ढुवानी गरी सोको भुक्तानी लगायतका विषयमा लेखापरीक्षणका शिलसिलामा कुनै सुझाव प्राप्त भएको अवस्थामा दोस्रो पक्षले सोको व्यहोरा प्रथम पक्षलाई जानकारी गराई आपसी सहमतिमा उक्त सुझाव कार्यान्वयन गरिनेछ।

१५. सेवा प्रवाहमा कुनै समस्या भएमा दुवै पक्षको आपसी सहमतिमा यस सम्झौताका शर्तहरू संशोधन तथा परिमार्जन गर्न र कार्य प्रक्रियालाई सुधार गर्न सकिनेछ।

१६. यो सम्झौता बमोजिमको हुलाकबस्तु ढुवानीको समन्वय, संचालन तथा व्यवस्थापन प्रथम पक्ष अन्तर्गतको गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार मार्फत हुनेछ।

१७. हुलाकबस्तु ढुवानी सेवामा गुनासो समाधान र अन्य व्यवस्था हुलाक सेवाको प्रचलित कानून बमोजिम हुनेछ।

१८. यो सम्झौता कार्यान्वयन गर्न र कुनै समस्या वा विवाद आएमा समाधानका लागि सहजीकरण तथा समन्वय गर्न दुवै पक्षले आ-आफ्नो तर्फबाट एक-एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी एक आपसमा सोको लिखित जानकारी गराउनु पर्नेछ। कुनै पक्षबाट साविकको सम्पर्क व्यक्ति परिवर्तन भएमा सोको जानकारी यथाशीघ्र अर्को पक्षलाई दिनु पर्नेछ।

१९. दुवै पक्षबाट प्रचलित कानून बमोजिम भंग नभएसम्म यो सम्झौता कायम रहनेछ। कुनै पक्षले सम्झौता बमोजिमको कार्यलाई निरन्तरता दिन असमर्थ भएमा सोको सूचना कम्तिमा ३० (तीस) दिन अगावै लिखित रुपमा अर्को पक्षलाई दिनुपर्नेछ। प्रचलित कानून बमोजिम यो सम्झौता भंग गर्नुपर्ने भएमा दुवै पक्षले यस सम्झौतामा उल्लेखित सर्तहरू बमोजिम आ-आफ्नो पक्षको दायित्त्व सम्भव भएसम्म सोही आ.व. भित्रमा फरफारक गर्नुपर्नेछ।

२०. यो सम्झौतामा थपघट गर्नुपरेमा दुवै पक्षको सहमतिमा पुनःनवीकरण गर्न सकिनेछ।

२१. यस सम्झौतामा उल्लेख गरिएका विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन्।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| ................................ | ................................ |
| **मनमायाँ भट्टराई पंगेनी**<br>महानिर्देशक<br>हुलाक सेवा विभाग<br>बबरमहल, काठमाडौं | **डा. हरि प्रसाद ढुङ्गाना**<br>कुलसचिव (रजिष्ट्रार)<br>नेपाल खुला विश्वविद्यालय,<br>मानभवन, ललितपुर |

| **साक्षी** | **साक्षी** |
|---|---|
| ................................ | ................................ |
| **ढाल बहादुर जि.सी.**<br>प्रमुख हुलाक अधिकृत<br>गोश्वारा हुलाक कार्यालय<br>डिल्लिबजार, काठमाडौं | **डा. ज्ञान बहादुर तामाङ्ग**<br>**नि. डिन**<br>**व्यवस्थापन तथा कानून संकाय**<br>**नेपाल खुला विश्वविद्यालय,**<br>मानभवन, ललितपुर |

ईति सम्वत् २०८३ साल असार महिना ८ गते रोज २ शुभम् .......................।